# ऐतिहासिक पत्रस्तम्भ

श्रीः

इरानको षवर फतेलि साहा नाती मदलीसाहले आफ्ना भाई काकाहरूसंग लडि आफू वादशाह भया उनैले आफ्नु इल्चिषधारवालासंग पठादाथ्या पठाउनाको मतलव षंधारवालादेखि हेराजवाला……डराउँथ्या. इन्को हाम्रो दोस्ती…… देषि हेराज सहजै फत्ये हाम्रो हुदो हो……फताघरवे वंदोवस्त हुनाले फिर गया भन्या षवर सुनिछ पछि जो विस्तार बुझियेला सो माफिक लेषि चह्राई पठाउला— — — — —

श्री

श्री कम्याँडि जनरल

अर्जि — — — — — — — —

उप्रान्त फागुन सुदि १ रोज ७ मा लेषि वक्स्याको सिद्धपत्र ये सुदि ८ रोज ७ मा नुवाकोट आइपुग्य विस्तार हरप हरप पढी सीर चढाञ्याँ येत तर्फका षवर ——१—— दाज्यैज्यूका हजुर चढाई पठायाको विन्ति पत्रवाट विस्तार बुझनु भयो होला भन्या ईत्यादि लेषी वक्स्याको अर्थ हजुरबाट—साहेबका हजुरमा लेषीवक्स्याको पत्रबाट विस्तार बुझी सीर चढाञ्याँ डोटीको जुडा मल्लले डोटीबाट यस तर्फ आउँदा बाटामा आफ्ना आषाले देख्याको र सुन्याको षरवको तपसीलको कागज र सर्दार हस्तवीर साहाले फागुन सुदि १० रोज २ मा मलाई पठायाको षवर लेषि चढाई पठायाका छ हजुरमा दाषिल होला श्री येल फौजमा गलवा कुरा यस्तो गर्दा रह्याछन हाम्री वेगम् साहेब येहि रहंछीन हामी ४ डिविजन मै गोरखपुर लुटन जांछौं भंदा रह्याछन् लेषदा हरप तलमाथी पऱ्याको माफ वकस्या जाला— — —

श्रीः

श्री हरीद्वार श्री द्वारीका श्री बद्री केदार

मातवरसिं थापाका साथक मानिस चाम्पा घर्ति लाहुरबाट आयाको रहेछ र तेसले मुष जामान कह्याका षवरको फर्द उप्रान्त आषाडको ११ दिन जादा म लाहुर बाट हिड्याथ्या उसवेलामा रंजितसिंलाई साह्रै विराम भयाको थियो. तेहि वेलामा. आफ्नु गादि हुकुम मोहर छाप खड्गसिंलाई सोंप्याथ्या. तिमिले आजसम्म गरी आयाको काम गर्नु भनि राजा ध्यानसिंलाई हुकुम दि षड्ग सिंलाई राजा ध्यानसिंको बांहा पक्राई. जो कामकाज आजसम्म तिमिले गऱ्याको थियो सो काम तिमिले आफ पनि गर्नु पर्न्याछ भनी षड्गसि.ले पनि राजा ध्यानसि.लाई भन्याथ्यां. नौन्पालसि. पेसोर गयाका थिया आफुलाई विराम हुंदा चाँडो आउनु भनि हुकुम दि विच विचमा

डाक राख्याको थियो ७ दिनमा आई पुग्छन् भन्या षबर थियो आईपुग्याका थिएनन् म आउन्या वेलामा विराम भन्या साह्रै थीयो वाक्य पनि चल्दैन थियो उस्तैमा पनि सवारि गराउँदै थीथा. सवारिमा अर्जुन थापाले रंजित सिं. ईति हुन भनि मलाई पनि देषाया थ्यां. म जगा धरि आइपुग्यापछि वेलासराईलाई आपना गुमस्ताले. रंजितसिं हक भया भंन्या षवरको चिठी लेख्याको रहेछ र सो चिठी वेलासराइले मलाई पनि वाचि सुनायाथ्यां. हक भयांको साचैहो ४ रानि ७ केटि सहगामिनि भया भंन्या षवर थियो. म गड आइपुग्या पछि ३ पल्टन सिहका २ पल्टन अगरेजका जमा ५ पल्टनले अस्तु र चिताको भस्म ————मा पुन्याउन ल्याया भंन्या षवर सुनिथ्यो अंगरेजले पुरानु षदारको किल्ला लियो किल्लामा रह्याको १ सर्दार भागी कविल् गयो १ सर्दार भागी अगरेजसंग आयो दुरानिले भन्या अंगरेजका लस्करमा र. लस्करमा जान्या रषत षर्व जानामा वरोवर डाक हाँदैछ. डांकमा अंगरेजको लस्कर पनि धेरै पन्यो भनि सुनिथ्यो सिषले पनि ७ हज्जार फौज अंगरेजलाई मद्दत दि. षैवरको घाटिको वाटो लाइरषेछ काविलसित भन्या आफ्न जोरिया-को थिएन भंन्या षवर ल्यायाको रहेछ. मातवरसिं थापा-लाई छोडि त क्या काम आईस भनी सोध्या—२——का जांछु भनि विदा भयाको हुं——२——तरफ धेरै षदवड देषियो र——२———को दर्शन गरि घर जान आज्ञा भंछ. यो भन्या अधि मातवरसिं थापाको कमारो रहेछ पछि पार भै धर्ति भयाको रहेछ २/३ दिन ज्याहा वसि. मेरो घर पोषरा हो घर जांछु भनि ज्याहाबाट हिड्या १ शुभं— — — — — —

शंतु प्रामस्त्य भवतां वांछामः डोरवा गदलथापा विष्णु थापा गरनयल मंत्री गरजं वहादुर मुखिया बहादुर विष्णु बहादुर वन्द्री कियार बहादुर तानसैन ईन सर्वोको नमोनारायण होवै इन समोको हम जानते है जेर वहुत देरते हम आगाये दूसरे अंगरेजी राज भै हंय एक तालाव त्यार होनेवाला है दो हयार २००० रूपैयां लागत लगति है अरई समुलख मै रूपैया नहि मिलता इस वास्ते आपके पास चिठी भेजी है कि उ कि आप धर्म मूर्ति अरस भको खवर रखने वाले होका वाहं सविनं नदी जल विणा याता विनायाचका तरवर फल विना भ्राता स्नेह विना दुग्धं विना धेनु १: जोगी मंत्र विहून वेदं विना व्राह्मण राजा-निति त्रिना दानं नपुसयंम् एतेक पुत्रौ है राजा चरनोमैं, जीवन अट अंगरेजने मदत दिई है अर जंवु देशका अर नाभा अरपट आला ओर देशोके राजपाको चिठीया भेजगइहै इसमकी मदत है अर आपको मदत चाहिये,

वावाजी काशीजीके रहने वाले है डोर इस जगा किसीको पताही ७१ हमे आयाको होगये २ वरसकला समै रहे फेर निलकंठ महादेवके रहोस अत्रस्थारपुरमै रहते है इस वास्ते आपको दो हयार रूपैया लिखा है आप सभसे सिरोमणि धर्म स्वरुप हो धर्म कार्य विशे-धर्म्मात्मा मदत देतेहै आप सर्वसामर्थ्यं हो इस तालावके ऊपर करीव २५,००० पच्चीस हयार लागत आवेगी फागुण मासको अवातार लगेगी शुभं ७४ नसान पता ह मारा मुलख पंजाव सहर जिला होस्यारपुर ठाणा माहल-पुर तपसील गढसां करगोयद पुरमै ७४,

स्वस्ति श्री सर्वोपमा योग्य सकल गुण निधान सर्वो-परि विराजमान आभा समुद्र महिमा सुमेर धर्म्मावतार राजाधिराज श्री श्री श्री श्री श्री श्री श्री श्री श्री श्रीं श्री श्री श्री श्री श्री श्री सुरेन्द्र विक्रम शाह महाराजाधिराजे षु बे परवाहि पहलवान गिरस्ववा नमो नारायणः सकुल

दोर्जलिङ् जान्य सिपाहीहरूले मुषजमान् गन्याको विस्तारको फर्द उप्रान्त हामी ज्याहाबाट गै दोर्जलिङ्मा पुग्दा केमल साहेव दोर्जलिङबाट षर्सान गढी गयाको रहेछ र लाप्च्याको आलमाल वही दोर्जीलिङ्मा थम्क्याई षतली षर्शान गढो गै साहेवलाई षत् सोंपिई मक्दिन

बाहिर काम भयो: पछिपल्ट केमल साहेब पनि दोर्जेलिङ आया हामीहरू पनि आई लाप्च्याको आलमाल सबै बुझाई दोर्जेलि आया ३दिन पछि षतको जबाब् पनी दियां मालको रसिद पनि दिया र हामी आयौं केमल साहेबले आजकल दोर्जलिङ्मा पक्कि घर बनाउनलाई झींगटी ईट गार्न लाउन लागिरहेछ मानको भन्या केही ठगाना भयाको रहेन छ । हाल हुकुम भन्या सबै केमल साहेबले गर्दोरहेछ देशमा वन्याको काठको झ्यालको दार-पात् कलकत्ताबाट उतारि ल्याइ राषेछ ४ कोठी वन्यछ भनी भथ्या वन्याको भन्या छैन ठाउ भन्या हेरि जाचि-राष्याको छ पहाडीया सिपाहीको कंपनी १ तोप् २ पनी पंषाबारिमा ल्याई राष्याको छ भनि भन्थ्या षर्सान गढी नजिक माहानंदमा यक चित्राको छाना हालीकन १ मुंडाघर ई दुई घरमा गिराफ गोला राख्याको छ आजकाल फेरि-आयाका साहेबबानहेरू येक कर्णेल येक कप्तान थपी षर्सान गढीको सटक बनाउन लागिरहेछ आजकाल दोर्ज-लिङ्मा केमल साहेव १ डाकदर साहेव १ कर्णेल लायड् साहेव वप्तानसाहेव १ बस्याको छ लायेद साहेव र आफ्ना पल्टन भयाको ठाउँमा पश्चिमतिर जांछ भंथ्यो दोर्जलिङ्-मा रहन्या पहाडिया सिपाही पट्टी १ जमादार स्मेत छ दोर्जलिङ्मा वसि. केमल साहेव. डाकदर साहेव समेत ४ जना साहेब दोर्जलिङ्मा कोठी बनाउन्या काममा वसि-रह्याछन: पहाडीया सिपाही हेरू ताहा जो जो जान्याहेरू-लाई भर्ना गर्दैछ: यो साल भन्या पश्चिमतिर पनि पल्टन जादै-छन: ब्रह्मातिर पनि पल्टन् १गयो यो साल भन्या लडाई हुन्या छैन: आगेसाल भन्या होलाकि भन्या झैं लाग्छ भनि: केमल साहेवका चाकरहरू पोर हिउदमा संगसग आउँदा चिनारि पवारि भयाको थियो र देशका हाल सुरत् कैसाहै. भनि सोधपुछ गर्दा यो कुरा गर्‍यो साँचो झुटो र कसो-हो सुन्याको विस्तार गर्न्या हो भनि विस्तार गर्‍याको हो भनि कह्यो शुभम्— — — —

श्री

पंजाबको हाल पौषको

मंसीरको २२ दीन जादा पहिला लडाञ्ञो फेरू सहर्मा १२ हजार फौज लो. मुक्तयार लालसि दोश्रा तेजा सि तेश्रा भक्तराम बक्सी दिनानाथ दिवानले किल्ला काग-डामा ४ हजार आपना लस्करलाई धर्ना दी किल्लावाट बाहार निकाल्या अंग्रेजको ठाना बसाल्या अमीकराईका मामा ध्यान सि इनका मामा जोहार सि येतिले निमक हलालि गर्‍या इनले पुरानु बजीरलाई निकाली दिया-ध्यानसिको छोरा जोहार सि इनका जेठा बाबा गुलाब सि इनिहरूलाई प्रमाना नदि भताभङ्ग पार्‍या फेरि लाल सिले फौजको नास गर्नालाई परेजपुरमा पल्टन चढायो जतिभरि फौज थियो ततिभरि फौज परेजपुरमा चढायो लडाञ्ञीमा जान्या कर्नेल गैह्र फोजलाई लालसिले हुकुम दियतन् आफ्नै फोजलाई मार्नुपर्छ तोप नचलाउनु यति काम गर्‍यौ भन्या मुलुक रहन्या छ उस्तै हामीलाईपनि अंग्रेजीले दिन्यैछ. बुतकी सहरमा घोड् चढाउका मालिक श्याम सि अटारिवाला पंजाप्भरिका सर्दारमा वही लड्यो इनका साथमा ५० हजार सवार र तोप्खानाको मालिक मेवासि जर्नेल मजिट वाला जिनिसि तोप वालाको मालीक मष्षेषा जर्नेल स्याम रजरूको ईश्वरी प्रसाद कर्नेल. यतिले लडाञ्ञी गर्‍या घोड् चढाको मालीक गंडाई कुंजेवाला यस्का साथका सवारी भर सबमर्‍या १५ हजार फोज षर्च भयो फिलिगिको फौज ३० हजारले सिहको ३ सये तोप २० हजार जमोरा ४० हजार घोडा ३५ हजार वयेल् ८० हजार वन्दुक यति लुटिलिया ताहापछि तेजासि सर्दारले सतरूद्रामा पुलबाध्या र अघि लस्कर लगाई पछि जिनिसि तोप ८ छाडि गुलाब सि वाहेक जति भयाका लस्कर पारिराषिकन अटालिवाला श्यामसि लड्यो फौज-लाई रसघ वंध गर्‍यो फौज षानाबार मार्‍या आफ्ना लस्करलाई जिनिसि ८ तोपमा गोलंदाज सिपाहि तयार गरि राष्या फेरि पुल तोड्यो सिपाहि बारिको वारि पारिको पारिरह्यो अंग्रेजीले पारिबाट हान्यो वारिवाट तेजासिले गिराफ लगाई तोपले लस्करलाई मर्‍या कोही

गयामा वग्या कोही अंग्रेजीले मान्या सर्दार अंग्रेजीसित मिलि लस्करको नास गन्या. येस बषतको बात्साही भन्या पनि वजीर भन्या पनि लारनुछ. तंडा लाठ आई वस्याको छ. वस्दोवस्त केहि भयाको छैन. सबै सर्दार अंग्रेजका कमसलमा आया येक गुलाबसि जिमु वाला आयाको छैन अंग्रेजीले उसैको ठूलो दर राष्याको छ. यागा दिननुकि भन्या पेटमा छ. सिपाही पनि कमसलमा गयाका छैनन् कोही सर्दारले हुकुम दिया यदि भरमा उदाउन्या थियो भनि सिपाहीहरू भन्थ्या— — — — — — —

श्री

श्री हरि द्वारीकाजी                श्री ज्वाला जि
१                                  २

नेपालवाट तिर्थ गर्न भनि जान्या भैरव सि राउट दल वाहादुर षड्काहरूले देषिसुनि आयाको उनहेरूले कह्याका षवर

उप्रान्त———को मेलाभरि लाहुर गयाथ्यौ. लाहुर पुग्याका ८ दिन पछि अंगरेज लुध्याना वस्न्या अतुरा भन्य साहेवले रजित सिंका छोरा पेसौर सि र रजितसिका काकाका छोरा अंतरसिई दुइले अंगरेजलाई छम्रत्री वादशाह कौडी कवोलि लाहुरका वादसाह दलेपसि र बजिर हिरासिलाई मिलापैसग गै मारि वादशाहको कौडि अंग्रेजलाई तिरौला भन्या कवोलियेत गरि लुध्यानाबाट हरि किपतन सहरमा वावुविसि भन्या वस्याको रहेछ. उसैसंग जाई उतैवाट मिलाप गरि दलेपसि र हिरालाई मार्नाको मतलप गरि गयाका रह्याका छन्. उस्तै विचमा अतुरा साहेववाट पेसौरासि र अंतर सि ले लुध्याना वस्न्या लाठसाहेबलाई छम्रत्री दि मारौला भनी लेषिदिया-को कागत वजिर हिरासिका घर पठाई तिमि क्या भन्छौ भनि लेषि पठाउदा हिरासिले कागत देख्यो र वही वषत वादसाहका हजुरमा विंतिगरि बादशाह र बजिर, वहिर. वाराद रिकव हरि षानामा बसि पल्टन पल्टन पिछेका जर्नेल कर्णेल कप्तान कुम्मेदान अजितन, सुवेदार ज्मादार, पल्टन पिछेका हुँदा ऐक ऐक सिपाही दुई दुई वारा यरि फिकाई वादसाह दलेपसिले वजिर हिरासिलाई हुकुम दिया पेसौरासि र अंतरसि बजिरले मलाई मारि अंग्रेजलाई छम्रत्रो दिउला भंन्या लेषतका कबोलियेत् गन्याको कागत कचहरिमा देषाई. यस्तो वेहोरा लेषि पठाउन्यालाई क्या गर्न्या हो भनि सोधनि गर्दा येस्तानुन हरामिलाई मार्न्ये हो. फिरंगिलाई पनी मार्छौं हुकुम देउ भनि पल्टनले हल्ला गुल्ला गर्दा फिरंगिसित अैले कौनैबात बिगन्याको छैन. तिनलाई र तिम्रो षुसिगर भनि बादसाहबाट हुकुम हुँदा वहिधरि लस्कर चलीगै. पेसौरासि र अतरसि बजिर वावुविसि इतिन जनालाई र ईनसितका लस्कर मध्ये भागन्या वाहिक घेरामा पन्याका मातसै ७०० लस्कर मारीदिया बादसाह पट्टीका जर्नेल गुलापसि १ कर्णेल १ कपतान १ कुम्मेदान १ पाच सात जना सिपाहि पन्यापछि हामि फिरंगिसित लड्न जान्छौ हुकुम देउभनी लस्कर अदिदा फेरि वादसाह बजिर दुई जनाभै तिमिहरूलाई दुई मनाको तलप हामिले ईनाम दिन्यौं अैले दंगा गर्न्यावेला छैन भनि लस्करलाई बुझाया पछि पनी सुचेतसिको प्रेचपुरमा धरवट राष्याको सवार भन्पूर नौलाख रूपैया अंग्रेजसित राष्याको वादसाह को दौलत हो. त्यो नली फरकदैनौ भनी भन्दा उसो हामि अंग्रेजसित बुझि धरवट्को माल फिर्ता गरि दियो भन्या दिहाल्यो. दियेन भंन्या लड्नु पर्ला भनी अंगरेजलाइ षतलेषि पठाउदा

अंगरेजले पनि सुचेत् सिंका छोरा र रानिमा जो हुन्छ ल्याउ र तिम्रो दौलत लैजाउ भनि फिरंगिले भन्या. सुचेत सिंका छोरा छैनन. रानिवंन्दी षानामा छन. त्यो दौलत ता वादसाहको पोहो दिन्नौ भन्छस् भन्या जवाप दे भनी वादसाह दलेपसि र वजिर हिरा सिंले भन्दा अरू का दौलतमा हामी चित्त फान्या होइनौं भनी अंगरेजवाट दौलत सौंपिदिया पछि वादसाह रंजित सिंका छोरा कस्मिरा सिंलाई विनाषतै विचैमा वजिर हिरासिंले मान्यो भंन्या दगा उठाई कि. कस्मिरासिंलाई ल्याउ ल्याउदैनौ भन्या हिरासिंलाई पनि माछौं भन्दा मैले कस्मिरासिंलाई मान्याको छैन कस्मिरासिंलाई मान्या भन्याकोहो त्यो मानिस मलाई देउ तिमि क्या मारौला म कसोगरि मरौंला तिम्रा छातीमा मैले सुनको जुत्ती मारिराष्याछु हिराका जुत्तिमान्या कोही निस्कन्छन भन्या मारौला भनी हिरा सिंले भन्या पछि लस्करलाइ वजिर हिरासिंले समाउदा कस्मिरा सिं मान्याको ठहऱ्न. लस्करले पनी त्यो मानीस दियेन वादसाह वजिर लस्कर सवमीली आफ्ना आफ्ना छाउनीमा गया सदाकुमारीले आफूलाई विराम हुँदा फिरेणीका दाग्दरलाई एकलाषको मुलुकको पैदावार षानु भनि दियाको रहेछ. सो पैदावार अंजरेजबाट झिकि सिक्-वाट चलन भयो त्याहासम्म गयाको हामिले देष्याथ्यौं वाहावाट फर्कि—२——को दर्सन गरि सुगाठोरको वाटो आउंदा अंगरेजको फेचपुरमा लाम बाँधि बो भंन्या समाचार सुन्याथ्यौं लस्कर पनि उतातिर गयाका देख्याथ्यौ श्रीनगर अलमोडमा सोरमा आईपुग्या. पनी ताहा रह्याका तोप बम षर षजना गयाको हामिले देषिआयौं भन्या विस्तार गऱ्या शुभम्— — — — — — —

श्री

श्री गंगा

नरसिंसाहिले लेख्याका चिठीको बिजिनस उतार षबरको फर्द—उआम्त नबाबको र लाठ साहेबको मिलाप कानपुरमा हुदा ८ मुकाम नवावले वोल्या प्रथम आगमिरको सलक गराउन्यो कुरामा. लाठसाहेबले गुलाम हजुरको छ हामिछेउ आयाको संदेह छैन. हजुरका सरणपिछा पर्छु भनि बिति गर्छ भदा त्योनिमक हराम हो, तेस्का कौनै बातको विस्वास छैन. मुषपनि देषनु छैन जोहाम्रो चिजमाल असंवाव तेसले लियाको छ सामिल्या चाहिन्छ भंदा रिसले हामिछेउ आयोत पनि. ज्यानुमाल स्मेत हजुरको छ भन्यो र माल असबाब दिन्या डौल. नबाबले देषेन र तेस आगामिरले ल्यायाको माल २५।२८ करवरको छ. तेसमध्ये छअनि तिमिले उदस् अंनिको हिसाफ हामिलाई देउ भंदा छअंनि हामिलाई दिनु पर्दैन गुलाम हजुरको छदैछ भन्या र मिलाप भयापछि २ करवर रूपैया तोफविदा मुलुकि जंगि २ लाठसाहेबलाई नजराना गर्दा रुपैया दिनु पर्दैन कम्पनिसंग मेहेर दोस्तीछ. हाम्रा कारोबार सबै जहाजमा चल्छ हडिया पश्चिम जना. मौभाट हाम्रा अम्बल तक आफ्ना अंवलभित्रका चकलेदार जिमिदारहरू हाम्रा जहाज वालालाई महसूल वापत् तकार गर्दै छन्. तसर्थ———का किनाराभर ५ कोसका जगा हामिलाई छोडि मेहेर भया बहुत वेस हुंदोहो-पैसाको कामि छैन भनि लाठ साहेबहरूले भंदा नवावले एति जगा हामि छेउ रह्याको छ. क्या तिमिलाई छोदौं. क्या हामिराषौं. हाम्रोत नाम मात्र छ. पैसा अनेक तरहले आफु छेउआउदैछन् भनि तिनै मुकाममा तडकि कुराको वस्तोवस्त केहि नत्रसि-नवाव कुचगरि लषनौ गया जंगि लाठ अंतरवेदको बाटो गरि सुगा थोर गयो मुलुकि लाठ कानपुरका अंदालथको मालीक मकं जिबसाहेब र लषनौ बश्न्या रजिडंट साहेब ई २ जनालाई तिमिहरूले नबाबसंग बसि———१——का किनाराको मामिला गऱ्याभनि अह्राई सितापुरको वाटोगरि उपनि सुगा ठोर गयो. वोली चल्याको भन्या २ वर्ष सम्म सुगा ठोरमा वश्न्याछन् भनछन् मकं जिब साहेब फेरि फागुनका आठदिन जाँदा कानपुरम आयो जगा छोदिदैन अंरेजका काज निमित्त जिमिदारचकले दारहरूलाई अदल गरौला. जगा जगामा चौकी राषौला. तिम्रो नोक्सान हवैन जाहान वाल आराम रहनन् भन्या जवाप लि. कानपुरमा

आयाको रहेछ. सबै साहेबानहरू बजि पुलमा अषादसम्म मात्रै राष्नु भन्या कुरा ठहरि उर्दिभयो. पुलमा एक सौस-वार १ कम्पनि हर्दम चौकि बस्याको छ. आगामिरलाई २ बंगाला इनाम दि घर बंगाला यस बाह्र हजार रूपैया मोल लि बसायाको छ. सदरबाट पैदल गोरा १ हजार १ हजार काला जमा २ हजार लस्कर र गाजिपुरदेषि ५७८ घोडा मेरटूजान भनि फागुनका १२ दिन जाँदा सामेल भयाका थिया. मेरट् सुगाठोर जगा जगा क्रम संग सराजाम् पोष्त गरि राषुन लाग्याको छ. हालत केहिछैन. पछि कसो-हुन्छ भनि लेख्याको रहेछ ।— — —